आज मिति २०७८ असोज ०६ गते वुधवार विहान ०८:०० वजे गाउँपालिकाको न्यायिक समितिको हलमा यस गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितीमा तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| क.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराजअधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुधकुमारी ठकुरी | |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | |
| १९ | कार्यपालिका सदस्य | श्री भगवती श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीता माया थापा | |

सुरेश कुमार बराल
जयन्त थापा
गोविन्द प्याकुरेल
नविना थापा

२. राष्ट्रिय मान्यता प्राप्त स्थानीय राजनीतिक दलको दलीय प्रतिनिधिहरु

- सदस्य

३. गाउँपालिकाको प्राविधिक शाखाको इन्जिनियर – सदस्य

४. गाउँपालिका योजना शाखा प्रमुख – सदस्य सचिव

कार्यक्षेत्र

१. भौतिक तथा वित्तीय कार्यसम्पादन बिच प्राविधिक मूल्याङ्कनद्धारा छानविन गरी पहिलो वैठक वसेको एक महिना भित्र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

२. निर्णय सर्व सम्मत हुनेछ ।सर्व सम्मत हुन नसके वहुमतको निर्णय मान्य हुनेछ ।

३. समितिले आवाश्यक परेमा विषय विज्ञको रुपमा प्राविधिकलाइ आमन्त्रित गर्न सक्नेछ ।

प्रस्ताव १ गाउँपालिका भवन सम्बन्धमा ।

निर्णय

१. प्रशासनिक भवन सम्वन्धि सम्झौता भएको रकम सम्पुर्ण भुक्तानि नभएकोले भेरियसन वापतको रकम रु ४२,००,०००।– (वयालिस लाख) लाई सम्झौता रकम रु ४,८२,००,०००।– (चार करोड वयासि लाख) भित्र मानी नियमित गर्ने ।

२. प्रशासनिक भवन, खानेपानी लगायत अन्य आवाश्यक कार्यको लागि अनुमानित रकम रु २,००,००,०००।– (दुइ करोड मात्र) समपुरक कोषमा राखी कार्यपालिकाले स्वीकृत गरे वमोजिम भुक्तानी हुने तथा सो रकम वाट गाउँपालिका प्रशासनिक भवनको लागि ४२,००,०००।– ( वयालिस लाख) नियमित तर्फबाट भुक्तानि हुने ।

३. गाउँपालिकाको प्रशासनिक भवन सम्वन्धमा मिति २०७७।१२।०४ को भेरियसन सम्वन्धी भौतिक तथा वित्तीय कार्य सम्पादन नियम सम्मत भए नभएको सम्बन्धमा राजनितिक दल र प्राविधिक सहितको अधिकार सम्पन्न डि.पि.आर, ठेक्का र भेरियसन सम्बन्धि छानविन हुनेगरी तपशिल वमोजिम एक छानविन समिति बनाई समितिको प्रतिवेदनको आधारमा कार्यपालिकालको निर्णय वमोजिम समपुरक कोषबाट भुक्तानी गर्ने ।

तपशिल

१. नेपाल सरकार मातहत रहेको कार्यालयमा कार्यरत सम्वन्धित विषयको विज्ञता भएको अधिकृत स्तरको वरिष्ठ इन्जिनियर - संयोजक

मिति २०७८ असोज ६ गते बुधवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | वडागत वजेट विनियोजन सम्बन्धमा । | क. वडागत रुपमा तपशिल वमोजिमको सिलिङ्गमा रहने गरी वजेट विनियोजन गर्ने निर्णय गरीयो ।<br>वडा नं. १ ८८,००,०००।– (अठासि लाख मात्र)<br>वडा नं. २ ९४,००,०००।– (चौरानब्बे लाख मात्र)<br>वडा नं. ३ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. ४ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. ५ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. ६ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. ७ ९४,००,०००।- (चौरानब्बे लाख मात्र)<br>वडा नं. ८ ९४,००,०००।- (चौरानब्बे लाख मात्र)<br>वडा नं. ९ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. १० ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>वडा नं. ११ ९६,००,०००।- (छयानब्बे लाख मात्र)<br>ख. कार्यपालिका सदस्यहरुको लागि विनियोजित रकम प्रति सदस्य १०,४०,०००।– (दश लाख चालिस हजार मात्र) का दरले जम्मा ५२,००,०००।– (वाउन्न लाख) समेत विनियोजन गर्ने निर्णय गरियो ।<br>ग. वाँकी रकम अध्यक्ष, उपाध्यक्ष र प्रमुख पशासकिय अधिकृत बाट निर्धारण गर्ने निर्णय गरियो । |

... बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| २. | गाउँसभा वैठक सम्बन्धमा । | नवौं गाउँसभाको पुर्ण अधिवेशन यहिमिति २०७७।०६।०८ गते विहान १० वजे गाउँपालिकाको तालिम हलमा आयोजना गर्ने निर्णय गरियो । |
| ३. | अस्थायी तथा करार कर्मचारीको म्याद थप सम्बन्धमा । | अस्थायी तथा करारमा कार्यरत प्राविधिक, प्रशासनिक तथा बाटो हेरालु कर्मचारीहरुको आ.व.०७८।०७९ सम्मको म्याद थपका लागि आगामि गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| ४. | पिकअप बोलेरो हस्तान्तरण सम्बन्धमा । | यस गाउँपालिकाको कार्यालय र वडा नं. ७ तोप्रामखोला स्थित गौरीशंकर महिला कृषि तथा पशुपंक्षी समूहसँगको लागत साझेदारीमा खरिद भई प्राप्त हुन आएको पिकअप बोलेरो थान १(एक) उक्त समूहलाई सम्झौता गरी हस्तान्तरण गर्ने । |
| ५. | कक्षा १२ सञ्चालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा । | श्री हिराथुम्की माध्यमिक विद्यालय, तोप्रामखोलालाई प्रचलित शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, यस गाउँपालिकाको शिक्षा ऐन, २०७४ का साथै संघ, प्रदेश र यस गाउँपालिकाबाट जारी गरिएका/जारी हुने निर्देशन पालना गर्ने गरी शैक्षिक सत्र २०७८ देखि माध्यमिक तहको कक्षा १२ (बाह्र) सञ्चालन गर्न अनुमति प्रदान गर्ने । |
| ६. | शिक्षक पदपूर्ति सम्बन्धमा । | प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशबाट प्राप्त हुने माध्यमिक तहमा शुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरुमा अंग्रेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान कोटामा नियमानुसार शिक्षक पदपूर्तिका क्रममा सम्बन्धित तहका लागि स्थायी अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको दरखास्त नपरेमा तोकिएको योग्यता पुगेका र स्थायी अनुमतिपत्र पत्र प्राप्त नगरेका उम्मेदवारहरुबीच प्रतिस्पर्धा गराई छनौट गर्न सकिने । |
| ७. | बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यक्रम स्वीकृति सम्बन्धमा । | यस गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०७८/०६/०४ को बैठकले पारित गरी पेश गरेका आ.व.०७८/७९ को कार्यक्रम तथा बजेट स्वीकृत गर्ने । |